# मानेभञ्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२
सूचना नं. :
मिति : २०८२/०३/३१

**जनप्रतिनिधि र कर्मचारीले आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण पेश गर्ने सम्वन्धी सूचना ।**

**(सूचना प्रकाशित मितिः २०८२/०३/३१ गते)**

भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामती सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१), कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०५० को दफा ८४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि/पदाधिकारीहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको विवरण बुझाउनुपर्ने व्यवस्था रहेको हुँदा मानेभञ्ज्याङ गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिले देहाय बमोजिम गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा पदाधिकारी, लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका कर्मचारी, अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारी, करार सेवामा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारी, करार सेवामा कार्यरत कर्मचारीले तोकिए बमोजिमको ढाँचामा विवरण भरी प्रशासन शाखामा सम्पत्ति विवरण पेश गर्नु पर्नेछ ।

२. साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका कर्मचारीले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

३. अध्ययन, असाधारण र अन्य विदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

भोगबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

पत्र संख्या :२०८१/०८२

सूचना नं. :

मिति : २०८२/०३/३१

४. साथै तोकिएको समयावधि भित्र सम्पति विवरण पेश नगरेमा रु. १०,०००।- जरिवानाका साथ पुनः सम्पत्ति विवरण पेश गर्नुपर्ने भएकोले सम्वन्धित सवैले तोकिएको अवधिभित्र अनिवार्य सम्पति विवरण पेश गर्नु हुन समेत अनुरोध छ ।

५. राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुरको मिति २०८२/०३/१० को सूचना वमोजिम सम्पत्ति विवरण फाराम भरी ४९ इन्चको खाम वाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

(क)सार्वजनिक पद धारण गरेका व्यक्ति वा राष्ट्रसेवकले सम्पति विवरणको खामको वाहिर लेखे विवरणः

आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरणः

कर्मचारीको संकेत नं.:

नाम, थरः
पद/दर्जाः

श्रेणी/तहः
सेवा समूहः

मोवाईल नम्बरः
कार्यरत कार्यालयः

ईमेल ठेगानाः

(ख) जनप्रतिनिधि/पदाधिकारीले सम्पत्ति विवरणको खामको वाहिर लेखे विवरणः

आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरणः

नाम, थरः

प्रदेशः
जिल्लाः

स्थानीय तहको नामः
हालको पद/दर्जाः

वडा नम्वरः
मोबाईल नम्वरः

ईमेल ठेगानाः

..................
भोग बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत